नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.............................................. शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पत्र संख्या : -
चलानी नं. : -

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

## ३१ औं वन्यजन्तु सप्ताह, २०८३ को अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रेस विज्ञप्ति

नेपालमा देशव्यापी रूपमा प्रत्येक वर्ष वैशाख १ देखि ७ गतेसम्म मनाईंदै आइएको वन्यजन्तु सप्ताह यस वर्ष **"सुरक्षित मानिस, संरक्षित वन्यजन्तुः जैविक विविधताको सदुपयोग, समृद्धिको सेतु"** भन्ने मूल नाराका साथ विभिन्न जनचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गरी मनाईंदै छ । हाल बढ्दो मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने सन्दर्भमा यो नाराले मानवीय क्षति शुन्य बनाउने लक्ष्य लिएको, वन्यजन्तु संरक्षणमा करुणामय संस्कृति विकास गर्ने र जैविक विविधताको दिगो उपयोग मार्फत समृद्धि हासिल गर्ने विषयलाई जोड दिएको छ।

सन् १९७० को दशकदेखि औपचारिक रुपमा शुरु भएको नेपालको संरक्षणको प्रयासबाट विश्वमै दुर्लभ मानिने वन्यजन्तुहरू जस्तै पाटे बाघ, एकसिङ्गे गैंडा, हाब्रे, हिउँचितुवा, हात्तीको संरक्षण तथा संख्या वृद्धिमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । यो उपलब्धि तीनै तहका सरकारी निकाय, नेपाली सेना लगायतका सुरक्षा निकाय, स्थानीय समुदाय, संरक्षण साझेदार संस्था, समुदायमा आधारित संस्थाहरु तथा समग्र सरोकारवाला निकायहरू बीचको समन्वय, सहयोग र सहकार्यबाट मात्र सम्भव भएको हो । यस अवसरमा वन्यजन्तु संरक्षण, संरक्षित क्षेत्र व्यवस्थापन र जैविक विविधता संरक्षणमा हालसम्म प्राप्त उपलब्धिका लागि विभाग सम्पूर्ण सहयोगी निकायप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

मानव र वन्यजन्तु बीचको सहअस्तित्वको अवधारणा अनुरुप मानिस र वन्यजन्तु दुवै सुरक्षित हुने र जैविक विविधताको सदुपयोग गरी समृद्धि हासिल गर्ने दिशामा नेपाल सरकारले आवश्यक नीति, कानून, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । वन्यजन्तुको स्व-स्थानीय (in-situ) संरक्षण मार्फत प्रकृतिमा आधारित पर्यटन प्रवर्द्धन तथा परस्थानीय (ex-situ) संरक्षण र व्यवस्थापन मार्फत रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना भई राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ । नेपाल सरकारको यो सहअस्तित्व र समृद्धिको यात्रामा हातेमालो गर्न यस विभाग सम्बन्धित सबै पक्षलाई हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा, वन्यजन्तुको आनीबानी सम्बन्धी जानकारी अभिवृद्धि गर्दै मानवीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले विविध जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरी वन्यजन्तु सप्ताह सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण सरोकारवाला निकायहरूबाट सहयोग हुने अपेक्षा गर्दै नयाँ वर्ष २०८३ को शुभ अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हरिभद्र आचार्य, बरिष्ठ इकोलोजिष्ट एवम् सुचना अधिकारी

सम्वत् २०८३ बैशाख १ गते मंगलबार, नेपाल सम्वत् ११४६ चौलागा द्वादशी